मितिः २०८२/०८/०१
समयः बिहान ८.०० बजे
स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

**तपसिलः-**

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## अन्य उपस्थितीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | उपसचिव | |
| २ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ३ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| ४ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ६ | श्री स्वस्तिका अर्याल | शाखा अधिकृत | |
| ७ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |
| ८ | श्री प्रदीप गिरी | इन्जिनियर | |
| ९ | श्री रोशन पोखरेल | प्र. कम्प्युटर अधिकृत | |

## प्रस्तावः-

१. मानव सेवा आश्रमलाई भवन उपलब्ध गराउनै सम्बन्धमा

२. आर्थिक तथा कार्यक्रम सहयोग माग सम्बन्धमा ।

३. वडा नं. ७ विन्दवासिनी स्थित प्रहरी चौकीको सामान माग सम्बन्धमा ।

४. एकादशी मेलाको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

५. समसामायिक विषय माथि छलफल।

६. विविध ।

**निर्णयहरू:**

**निर्णय नं. १**

गत मिति २०८२/०७/१७ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

माथि प्रस्ताव नं. १ को विषयमा छलफल गर्दा यस नगरपालिका वडा नं. १ मा शहरी विकास मन्त्रालयबाट शहरी गरिबहरूको लागि निर्मित भवन तथा भवनले चर्चेको जग्गाको स्वामित्व नेपाल सरकारमा रहने गरी यस नगरपालिकालाई प्रयोगको लागि भवन तथा जग्गा विवरण, उपयोग अवधि, प्रयोजन र नगरपालिकाले पालना गर्नुपर्ने शर्त सहित सम्झौता गरी यस नगरपालिकालाई उपलब्ध गराउन सहमति दिने भनि मिति २०७७/१०/२६ गते नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार शहरी विकास तथा भवन निर्माण विभाग र यस नगरपालिकाबीच २०७७/११/०९ गते सम्झौता भई प्रयोगको लागि हस्तान्तरण भएकोमा उक्त भवनहरूमध्ये २ वटा भवनमा मानव सेवा आश्रम बसेको र हाल उक्त भवनहरू सडक आश्रित मानवहरू राख्नको लागि अपुग भएको भनि मिति २०८२/०७/१२ गतेको निवेदन पत्रानुसार र सम्बन्धित वडा कार्यालयको च.नं. ५८५, मिति २०८२/०७/१८ गतेको सिफारीस पत्रबाट माग भई आएकोले शहरी गरिवहरूको लागि निर्मित भवनहरू भविष्यमा जुन प्रयोजनको लागि निर्माण भएको हो सोही प्रयोजनमा प्रयोग हुने गरी पूर्व पट्टीको पहिलो ब्लक मानव सेवा आश्रमलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालिका बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरूको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको हुँदा स्वास्थ्य उपचार गर्न आर्थिक सहायता पाउँ भनि निवेदन दिएकोमा निवेदकहरूलाई निम्न बमोजिमको आर्थिक सहयोग नागार्जुन नगरपालिकाको खर्च शिर्षक नं. २७२१९ अन्य सामाजिक सहायता शिर्षकबाट खर्च हुने गरी निवेदकहरूलाई भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल:**

| सि.नं. | नाम, थर | ठेगाना | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १. | डा ठिलेन शेर्पा | भोटेकोशी गा.पा. १ | १०,००० | अस्थायी रूपमा नागार्जुन न.पा. ५ (आन्द्रा सम्बन्धि रोग) |
| २. | राजेश बसेल | नागार्जुन न.पा. ५ | १०,००० | घुडाको बिरामी |
| ३. | रूविना ठकुरी | नागार्जुन न.पा. २ | १०,००० | क्यान्सर रोगी |

**निर्णय नं. ४**

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधिहरू तर्जुमा तथा पारित गर्ने निर्णय गरियो ।

**तपसिल:**

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | कानून तर्जुमा दिग्ददर्शन, २०८२ | पारित गर्ने |
| २. | वैकल्पि शिक्षक व्यवस्थापन कार्यविधि, २०८२ | तर्जुमा गर्ने |
| ३. | छात्राबास (होस्टेल) सञ्चालन सम्बन्धी मापदण्ड, २०८२ | |
| ४. | नागार्जुन नगरपालिका फोहरमैला व्यवस्थापन ऐन, २०८२ | |
| ५. | नागार्जुनको फोहरमैला संकलन तथा ढुवानी सम्बन्धी कार्यविधि, २०८२ | |
| ६. | नागार्जुन नगरपालिकाले सरकारी जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ | |

निर्णय नं. ५

नेपाल विद्युत प्राधिकरण, कुलेश्वर वितरण केन्द्रको प.सं. २०८२/०८३, च.नं. २९९, मिति २०८२/०६/०९ को पत्रबाट यस नगरपालिका वडा नं. ६ स्थित पोखरी डाँडा कल्लाबारी सडक खण्ड विस्तारको लागि सडकको भागमा रहेका विद्युत पोलहरू स्थानान्तरण गर्नु पर्ने भएकाले सम्बन्धित वडा कार्यालयको च.नं. ४२४, मिति २०८२/०५/१९ गतेको सिफारीस गरिएकोमा प्राधिकरणबाट पोल स्थानान्तरण कार्यका लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम रू.१,८५,८५३.१३/- (अक्षरूपी एक लाख पचासि हजार आठ सय त्रिपन्न रूपैंया तेह पैसा) नेपाल विद्युत प्राधिकरण, कुलेश्वर वितरण केन्द्रको नाममा नविल बैंक लिमिटेड कुलेश्वरमा रहेको धरौटी खाता नं. ००२०१०१७५०५४८६ मा उक्त रकम जम्मा गर्नको लागि पत्राचार भएकोमा यस नगरपालिकाको थापाचोक हाइट गुम्बा हुँदै इचंगुनारायण सडक स्तरोन्नती (समपुरक अनुदान) शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी उल्लेखित रकम नेपाल विद्युत प्राधिकरणको नाममा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिका अन्तर्गत वडा नं. ७ विन्दवासिनी स्थित प्रहरी चौकी जेन जी आन्दोलनको क्रममा जली सम्पूर्ण सामाग्रीहरू नष्ट भएकोले सम्बन्धित वडा कार्यालयको च.नं. ८३२, मिति २०८२/०७/१९ गतेको पत्र साथ संलग्न माग फाराम स्वीकृत गरी यस नगरपालिकाको शान्ती सुरक्षा सम्बन्धी समन्वय शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी एकमुष्ठ रकम रू.१०,०००/- (दश हजार) बराबरको सामाग्रीहरू खरिद गरी उल्लेखित प्रहरी चौकीलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिकाको लागि  हेभि सवारी चालक (डोजर चालक) पदको पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम सञ्चालनको लागि शाखा प्रमुखहरूलाई वार्षिक कार्यक्रमको तालिका बनाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नको लागि निर्देशन दिने निर्णय गरियो ।

प्रमाणित

२०८२।८।१